विजयनगर गाउँपालिका

# स्थानीय राजपत्र

विजयनगर गाउँपालिकाद्धारा प्रकाशित

भाग १ | बर्ष ७ | अङ्क २

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृष्णपुरिया कपिलवस्तु लुम्बिनी प्रदेश

## USAID र नेपाल सरकार बीच कृषि क्षेत्रमा प्रत्यक्ष सहयोग (जी. टु जी.) परियोजना अन्तर्गत विजयनगर गाउँपालिकामा संचालन हुने कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१।०५।१२

स्थानीय राजपत्र प्रकाशित मितिः २०८१।०५।१२ गते

**प्रस्तावना**: USAID र नेपाल सरकार बीच कृषि क्षेत्रमा प्रत्यक्ष सहयोग (जी. टु जी.) परियोजना अन्तर्गत विजयनगर गाउँपालिकामा संचालन हुने कृषि विकास कार्यक्रमलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, अनुगमन योग्य तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले विजयनगर गाउँपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम जी टू जी मार्फत वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८१ रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२ परिभाषा: विषय वा प्रसङ्गगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **अनुदान :** भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री र उपकरण सम्झनुपर्छ।

(ख) **अनुदानग्राही :** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक समूह अन्तर्गतका कृषक कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायीहरुलाई सम्झनु पर्छ।

(ग) **कृषि :** शब्दले बाली, बागवानी, बाली संरक्षण, कृषि प्रसार, व्यवसायिक कीट आदिका उप-क्षेत्रसंग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एंव व्यवसायलाई सम्झनुपर्छ।

(घ) **कृषि सामग्री :** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बीउ, बेर्ना, विषादी, जैविक पदार्थ, हार्मोन, कृषि चुन, रसायन, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुऱ्याउने अन्य सामग्री/वस्तुलाई समेत सम्झनुपर्छ।

शोभराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

(ङ) **सार्वजनिक पूर्वाधार :** भन्नाले सार्वजनिक निकायबाट निमार्ण हुने बजार पूर्वाधार, तटबन्ध तथा बाँध निर्माण, कुलो, सिँचाई पूर्वाधारहरु लगायत अन्य सार्वजनिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ।

(च) **सामुदायिक पूर्वाधार :** भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही सामुदायिक प्रयोजनका कृषि सम्बन्धी पूर्वाधारहरुलाई सम्झनुपर्छ।

(छ) **सशर्त कार्यक्रम :** भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश वा स्थानीय तहमा वा दुबैमा भएका कृषि सम्बन्धी कार्यक्रमहरुलाई सम्झनुपर्छ।

३ **उद्धेश्य :** यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमहरुको उद्धेश्यहरु देहाय बमोजिम हुनेछन्

(क) कार्यक्रमहरुको प्रभावकारी कांर्यान्वयन सहजीकरण गरी एकरुपता कायम गर्ने।

(ख) कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गर्ने।

(ग) कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन एवं प्रगाति प्रतिवेदन पद्धतिलाई प्रभावकारी बनाउने ।

४ **अनुदान उपलब्ध गराउन सक्ने :** यस गाउँपालिकाको स्वीकृत सशर्त कार्यक्रम बमोजिम यस कार्यक्रमहरुको उद्बेश्य, प्रमुख क्रियाकलापहरु र न्यूनतम शर्त/मापदण्ड/प्रासङ्गिक बिषय अनुसार प्रसार सेवा, क्षमता अभिवृद्धि, सीमान्त कृषक सम्बन्धी कार्यक्रम तथा आवश्यकता अनुसार व्यवसाय प्रवर्द्धनका कार्यक्रम संचालन गर्न र अनुदान उपलब्ध गराउन सक्नेछ।

५ **अनुदान रकमको सीमा र प्रतिशत :** संघीय निकाय मार्फत उपलब्ध गराइने अनुदान रकमको सीमा यस कार्यविधि अनुसार तोके बमोजिम हुनेछ।

६ **समन्वय तथा अनुगमन समिति :** (१) यस गाउँपालिका सशर्त कार्यक्रम कार्यान्वयन प्रक्रियामा सहजीकरण गर्न पालिका स्तरीय ५ सदस्यीय समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ।जसमा समन्वय तथा अनुगमन समितिको संयोजक -१, सदस्य -३ तथा १ जना सदस्य सचिव रहनेछन्।

(२) समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

- कार्यक्रम प्रभावकारी कार्यान्वयको लागि प्रदेश, संघीय तथा स्थानीय तहसँग आवश्यक समन्वय गर्ने
- कार्यक्रमको अनुगमन एवं समीक्षा गर्ने।
- कार्यक्रम संचालन सम्बन्धमा आइपरेका समस्याहरुको समाधानका लागि समन्वय गर्ने।
- यस कार्यविधि अनुसार समितिले गर्नु पर्ने अन्य कार्यहरु गर्ने तथा गराउने।

७ **माग सङ्गलन :**

- यस कार्यविधि बमोजिम कार्यक्रममा सहभागी भई समूह भित्रका कृषकहरुले माग तथा निर्णय गर्नेछ।
- विभिन्न कार्यक्रमको शिर्षकमा तोकिएका मापदण्ड/आधारभूत/प्रासाङ्गिक पक्ष पुरा गर्ने गरी ईच्छुक कृषकले निवेदन पेश गर्नुपर्नेछ।

८ **लाभग्राही छनौट :**

(१) यो कार्यक्रम अन्तर्गत अनुदान प्रदान गर्ने कृयाकलापहरुको लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट कार्यको लागि समन्वय तथा अनुगमन समितिले कार्य गर्नेछ।तर प्रस्ताव आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने कृषि प्रसारका नियमित कृयाकलापहरु सम्बन्धित कार्यालयले यस कार्यविधि अधिनमा रही आवश्यक विधि निर्धारण गरी संचालन गर्न सक्नेछन्।

(२) समितिले आवश्यकता अनुरुप विषय सँग सम्बन्धित पदाधिकारी, विज्ञ, सँघ, एवं प्रदेश सरकारको जिल्ला स्थित कार्यालय/फार्म केन्द्रका प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) गाठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) यस कार्यविधि बमोजिम प्राप्त निवेदनहरुको मुल्याङ्कन तथा छनौटका आधारहरु तयार गर्ने।

(ख) छनौट भएका अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदान रकम यकिन गर्ने र सम्झौताको लागि सिफारिस गर्ने

(ग) सम्झौता अनुसारको विभिन्न चरणमा सम्पन्न भएका कार्यको अनुगमन तथा प्रमाणीकरण गर्ने।

(घ) अनुदान रकमको किस्ता अनुदानग्राहीलाई भुक्तानी गर्न सिफारिस गर्ने।

(ङ) सम्झौता अनुसार कार्य प्रगाति सन्तोषजनक नभएमा वा कार्यसम्पन्न हुन नसक्ने देखिएमा अनुदान किस्ता रकम रद्द गर्न वा अनुदान सम्झौता रद्द गर्न सिफारिस गर्ने।

(च) कार्यक्रम अनुगमन गरी पृष्टपोषण गर्ने।

(४) समितिको सचिवालयको कार्य कृषि विकास शाखाले गर्नेछ।

(५) यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, प्रमाणीकरण, सिफारिस, अनुगमन तथा भुक्तानी सिफारिस लगायतको कार्य गरी समितिको काममा सहयोग गर्न समितिले कार्यसमूह बनाउन सक्नेछ।

९ **अनुदान प्रवाह :**

(१) यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु संचालन गर्दा अनुदानग्राहीलाई प्रदान गरिने सेवा सुविधा सम्बन्धी व्यवस्था समन्वय तथा अनुगमन समितिले निर्णय गरे बमोजिम हुनेछ।

(२) सम्झौता बमोजिम सम्बन्धित कार्यालयले अनुदानग्राहीलाई अनुदान भुक्तानी गर्नेछ।

(३) अनुदानलाई कृषकमैत्री बनाउन माग भएको सामग्री र उपकरणको आधार, गुणस्तर र प्रति एकाई मूल्यको सूचना माग गरी कम्तिमा ३ आपूर्तिकर्ता प्रतिस्पर्धात्मक सूची सार्वजनिक गरी प्राप्त गुणस्तर र मूल्य अनुरुप सबै भन्दा कम दररेटका आधारमा अनुदान रकम निर्धारण गरिनेछ।

१० **अनुदानको भुक्तानी :**

(१) नगद अनुदान दिइने कार्यक्रमको हकमा अनुदान रकम सोझै समूह, बिक्रेता वा अनुदानग्राहीको बैंक खातामा जम्मा हुने गरी भुक्तानी गरिनेछ।

(२) अनुदान रकमको भुक्तानी सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित निकायको जिम्मेवार प्राविधिकले स्थलगत निरीक्षण गरी तयार पारेको कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदानग्राहीलाई भुक्तानी गारिनेछ।

(३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि मात्र सम्बन्धित कार्यालयले अनुदान तर्फको रकम भक्तानी दिनेछ।

११ **अनुगमन र मूल्याङ्कन :** कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ।यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालन गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

**स्वीकृत वार्षिक कार्यक्रमको संलग्न मापदण्ड संचालन गर्नुपर्ने क्रियाकलाप र अनुदान सीमा रकमका आधारमा संचालन गर्नेछ।**

| क्र.स | कार्यक्रम | मापदण्ड | संचालन गर्नु पर्ने क्रियाकलापहरु | अनुदान ( सीमा / रकम /प्रतिशत) |
|---|---|---|---|---|
| १ | समूह गठन तथा संचालन | • १५-२५ जना सहभागी<br>• ४०% महिला तथा जातीय समावेशीकरण<br>• कार्यक्रमको उद्देश्य अनुरुप तरकारी बालीको हकमा कम्तीमा -२, मकै-३ धान -५-६० कठ्ठामा लगाउने कृषक सहभागी हुने<br>• कृषकको उमेर १८-६० वर्ष | • कृषकहरुको भेला गरी समूह गठन गर्ने।<br>• मासिक रुपमा अनिवार्य बैठक बस्ने<br>• समूहलाई सरकारी निकायमा दर्ता गराउने | • कृषकको समूहमा सहभागी भएका सम्पूर्ण सदस्यलाई डायरी, कलम, राजिस्टर फाइल तथा दर्ता प्रकृयामा लाग्ने राजस्वमा खर्च गर्न सकिने शतप्रतिशत अनुदान । |
| २ | कृषक समुह/सहकारी का सदस्यहरुलाई क्षमता अभिबृद्धि, लेखा तथा समुह व्यावस्थपन सम्बन्धी तालिम । | • तालिममा १५-२५ जना सहभागी हुन सक्ने ।<br>• तालिम स्थल सबैलाई पायक पर्ने ठाउँमा संचालन गर्नुपर्ने ।<br>• यो तालिम एक दिनमा सम्पन्न नहुने सकेमा २ दिन संचालन हुन् । | • तालीमका लागि मिति, समय र स्थान निश्चित गरि सहभागीलाई जानकारी गराउने र सम्बन्धित विषयवस्तुमा एक दिनमा ४ वटा प्रस्तुती गरिने ।<br>• तालीमका लागि सम्बन्धित शाखा वा निकाय संग समन्वय गराउने । | • सहभागी हुने कृषक तथा प्रशिक्षकलाई गाउँपालिकाको आर्थिक नर्मस अनुसार सेवा सुविधा उपलब्ध गराउने । |
| ३ | उन्नत प्रविधिबाट तरकारी उत्पादनका लागि माटो उर्बरकता व्यावस्थापन, IPM तथा पोष्ट हार्भेष्ट सम्बन्धी २ दिने तालिम दिई प्रत्येक सहभागीहरुलाई प्लाष्टिक ट्रे र कोकोपिड उपलब्ध गराउने र प्रत्येक ग्रुपलाई १ वटा ब्यालेन्स तराजु दिने । | • २५-३० जना सहभागी हुन सक्ने<br>• तालिम स्थल सबैलाई पायक पर्ने स्थानमा संचालन गर्ने । | • तालीमका लागि मिति, समय र स्थान निश्चित गरि सहभागीलाई जानकारी दिने र सम्बन्धित विषयवस्तुमा एक दिनमा ४ वटा प्रस्तुती गरिने ।<br>• तालीममा सम्बन्धित शाखा वा निकाय संग समन्वय गर्ने । २ दिने तालिम शीर्षकमा उल्लेख भएका विषय वस्तुहरु समेटने र लक्ष्य अनुसार सामाग्री उपलब्ध गराउने। | • सहभागी हुने कृषक तथा प्रशिक्षकलाई गाउँपालिकाको आर्थिक नर्मस अनुसार सेवा सुविधा उपलब्ध गराउने ।<br>• प्लाष्टिक ट्रे र कोकोपिड सतप्रतिशत अनुदानमा उपलब्ध गराउने । |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४ | बाली भित्र्याउने, पोष्ट हार्भेष्ट व्यावस्थापन तथा प्रर्दशनको लागि प्रत्येक कृषकलाई ५ वटा प्लाष्टिक क्यारेट वितरण | • तरकारी खेती गरी उत्पादन लिई रहेको कृषकलाई मात्र सहभागी गराउने ।<br>• एक कृषकलाई बढीमा ५ वटा क्यारेट उपलब्ध गराउने । | • तरकारी टिप्ने तरीका तथा व्यावस्थापन गर्ने तरीका बारे क्यारेट वितरण गरी सिकाउने । | • प्लाष्टिक क्यारेट ७५% अनुदानमा तरकारी लगाएका कृषकहरुलाई वितरण गर्ने। |
| ५ | गड्यौला मल प्रर्दशन कार्यक्रम (कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्राङ्गरिक कृषि प्रर्वद्धन मिशन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५) | • एउटा समूहमा एउटा मात्र प्रर्दशन रहनेछ ।<br>• बनाउने कृषक एकीन भए पछि निर्माण गर्ने। | भर्मीवेड निर्माण (३मि.x१मि.को२ओटा, ३.५ मि x३मि.को छाना र १००० गडयौंला ) | • कुल लागतको ८०% अनुदानमा दिईनेछ । |
| ६ | स्यालो ट्युवेल वा लिप्ट सिचाईका सामाग्री वा उपकरणमा सहयोग कार्यक्रम (लागत सहभागितामा) | • कम्तीमा २ विघा सिचाई हुने गरी तरकारी बाली भएको ठाउँमा यो कार्यक्रम दिनेछ ।<br>• समूहको निर्णय अनिवार्य रहनेछ । | • कृषक तथा स्थानको छनौट गर्ने ।<br>• स्यालो ट्युवेल वा लिप्ट सिचाईका सामाग्री वा उपकरण लागत सहभागीतामा खरीद गर्ने र सिचाईको ब्यवस्था गर्ने । | • सम्पूर्ण लागत सामाग्रीमा ७५% अनुदान दिनेछ।<br>(कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० पहिलो संशोधन) |
| ७ | डेलिभरी पाइप, इलेक्ट्रानिक मोटर, सेक्सन पाइप, पम्पीसेट लगायतका सिचाई सामाग्री तथा उपकरण (उत्कृष्ट कृषक सबै समूहका १/१ जना) | • समूहको निर्णयको तथा अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु गत ३ आ.व सम्मा कुनै संस्थाबाट अनुदानमा प्राप्त नगरेको । | • पम्पसेट, विधुतीय मोटर, डेलीभरी पाइप र सेक्सन पाइप उपलब्ध गराइनेछ। | • खरिद सामाग्रीमा ७५% अनुदान दिनेछ। |
| ८ | तरकारी खेती गर्ने कृषकलाई मेशिनरी सहयोगमा मिनिटिलर, पावरटिलर तथा झार गोडने यन्त्र वितरण कार्यक्रम | • एक समूहमा ३ जनालाई १० कठ्ठा तरकारी खेती गर्ने कृषकलाई उपलब्ध गराइनेछ ।<br>• अनुगमन/छनौट समितिको सिफारिस | • समन्वय तथा अनुगमन समितिको सिफारिसमा उपलब्ध गराउने। | • उक्त सामाग्रीका ७५% अनुदान दिइनेछ। |
| ९ | १ दिने कृषक दिवस | • प्रत्येक समूहबाट बढीमा १५ जना सहभागी हुनेछन् ।<br>• तरकारी खेती बढी क्षेत्रफलमा लगाउने कृषकलाई ग्राह्यता दिनेछ । | • कृषकहरु भेला भई आफ्नो समूहमा भएको समस्या तथा उल्लेखिनीय कामको प्रस्तुती तथा छलफल । | • कृषक दिवसमा टीसर्ट, चिया नास्तामा सतप्रतिशत अनुदानमा दिनेछ । |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १० | अवलोकन भ्रमण | • प्रत्येक समूहबाट उत्कृष्ट बाली लगाउने कृषक समूहबाट २ जना सहभागी हुने।<br>• सम्बन्धित शाखा तथा कृषि प्राविधिक २ जना र कार्यालय सहयोगी १ जना जम्मा २५ जना अधिकतम | • तरकारीको बीउ उत्पादन केन्द्र, कृषि अनुसंधान तथा समूह, सहकारी मार्फत तरकारी उत्पादन गर्ने स्थानहरुमा अवलोकलन गरि सीको सिक्ने र लागू गर्ने । | • विजयनगर गाउँपालिकाको आर्थिक नर्म्स अनुसार खर्च गरिनेछ । |
| ११ | स्प्रेयर, मल्चिङ प्लाष्टिक तथा हजारी वितरण कार्यक्रम | • कम्तीमा २ कठ्ठा तरकारी खेती गरेको प्रार्थमिकता ।<br>• गत दुई आ.व सम्मा यस प्रकृतिका सुविधा नलिएको हुनु पर्ने। | • गनसहित चार्जर स्प्रेयर १, मल्चिङ प्लाष्टिक रोल १ र हजारी १ उपलब्ध गराईनेछ । | • खरीद सामाग्रीको ७५% अनुदान दिनेछ। |
| १२ | तरकारीको बीउ र आर्गेनिक मल सहयोग । | • कम्तीमा २ कठ्ठा तरकारी खेती लगाउनु पर्ने ।<br>• सिचाईको सुविधा हुनु पर्ने । | • सिफारिस अनुसार बीउ र मल उपलब्ध गराउने।<br>• नेपाल सरकारले सिफारिस गरेको जात उपलब्ध गराउने । | • तरकारीको बीउमा सतप्रतिशत अनुदानमा दिनेछ। (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० पहिलो संशोधन)<br>• आर्गेनिक मल तथा सूक्ष्मतत्वमा ८०% अनुदान दिनेछ। |
| १३ | कृषक र व्यापारी बीच छलफल तथा समन्वय | • प्रत्येक समूहबाट ३ जना कृषक सहभागी हुने ।<br>• जनप्रतिनिधि, व्यापारी र कर्मचारी सहभागी हुने । | • तरकारी उत्पादन, दरभाव, बजार व्यावस्थापन तथा प्रक्रिया बारे छलफल हुने । | • विजयनगर गाउँपालिकाको आर्थिक नर्म्स अनुसार बैठक भत्ता तथा चिया, नास्तामा खर्च गर्न सकिनेछ। |
| १४ | उन्नत प्रविधिबाट मकै खेती उत्पादनका लागि माटो उर्बरकता व्यावस्थापन, IPM तथा हाभेष्ट सम्बन्धी २ दिनें तालिम र सम्पूर्ण सहभागीहरुलाई स्प्रेयर र प्रत्येक ग्रुपलाई १ वटा व्यालेन्स तराजु उपलब्ध गराइने । | • २५-३० जना सहभागी हुन सक्ने<br>• तालिम स्थल सबैलाई पायक पर्ने स्थानमा संचालन गर्ने। | • २ दिने तालिम शीर्षकमा उल्लेख भएका विषय वस्तुहरु समेटनुपर्नेछ।<br>• सम्पूर्ण सहभागीहरुलाई स्प्रेयर र प्रत्येक ग्रुपलाई १ वटा ब्यालेन्स तराजु उपलब्ध गराइने । | • सहभागी हुने कृषक तथा प्रशिक्षकलाई गाउँपालिकाको आर्थिक नर्मस अनुसार सेवा सुविधा उपलब्ध गराउने ।<br>• खरीद सामाग्रीको ७५% अनुदान दिनेछ।<br>(कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० पहिलो संशोधन) |
| १५ | पोष्टहार्भेष्ट सम्बन्धी तालिम तथा हार्मेटिक बैग वितरण सहयोग प्रत्येक कृषकलाई १० वटाको दरले | • कम्तीमा ३ कठ्ठा मकै खेती लगाएको हुनुपर्ने। | • बाली हार्भेष्ट गर्ने तरीका वा तालिम<br>• प्रत्येक सदस्यलाई १० वटा हार्मेटिक बैग उपलब्ध गराइने। | • सहभागी हुने कृषक तथा प्रशिक्षकलाई गाउँपालिकाको आर्थिक नर्मस अनुसार सेवा सुविधा उपलब्ध गराउने।<br>• खरीद सामाग्रीको ७५% अनुदान दिनेछ। |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | | | (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० पहिलो संशोधन) |
| १६ | एक हेक्टरमा मकै खेती गर्नेका लागि R.H.10 सिफारिस अनुसार मल, बीउ र अन्य सामाग्री सहयोग कार्यक्रम | • १ हेक्टरको एउटै क्लष्टर हुनु पर्ने ।<br>• रामपुर १० हाइब्रिड लगाउनु पर्ने।<br>• समूहको निर्यण हुनुपर्ने। | • जग्गा तयारी गर्न लगाउने<br>• मल, बीउ र अन्य सामाग्रीमा उपलब्ध गराइने। | • बीउमा सतप्रतिशत अनुदानमा दिनेछ। (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० पहिलो संशोधन)<br>• आर्गेनिक मल तथा सुक्ष्मत्तवमा ८०% अनुदान दिनेछ। |
| १७ | सीडड्रील मेशिन | • वडा नं. १ र ५ मा एक एक वटा सीडड्रील मेशिन उपलब्ध गराउने।<br>• एकै क्लष्टरमा बढी क्षेत्रफलमा मकै लगाउने कृषक समूहलाई ग्राहिता दिनेछ। | • समूहमा छलफल गरी निर्णय गर्ने।<br>• छनौट समितिको निर्णय अनुसार उपलब्ध गराउने। | • उक्त सामाग्रीहरु ७५% अनुदानमा दिनेछ। |
| १८ | मकै छोडाउने विद्युतीय मशीन (थ्रेसर) | • प्रत्येक समूहमा १ वटा उपलब्ध गराउने । | • समूहको निर्णय अनुसार कृषक छनौट गर्ने। | उक्त सामाग्रीहरु ७५% अनुदानमा दिनेछ। |
| १९ | आर्गेनिक तथा जैविक मल प्रत्येक समूहको कृषकलाई उपलब्ध गराउने। | • मकै खेती लगाउने कृषक हुनुपर्ने।<br>• बेसल डोज अनुसार उपलब्ध गराउने | • बेसल डोज अनुसार उपलब्ध गराउने | • आर्गेनिक मल तथा सुक्ष्मतत्वमा ८०% अनुदान दिनेछ। |
| २० | १० वटा समूहको सबै सदस्यहरुलाई मकैको बीउ सहयोग | • कम्तीमा ३ कठ्ठा मकै खेती लगाउनु पर्ने।<br>• सिचाईको सुविधा हुनु पर्ने। | • नेपाल सरकारले सिफारिस गरेको जात र मात्रा अनुसार उपलब्ध गराउने। | • बीउमा सतप्रतिशत अनुदानमा दिनेछ। (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८० पहिलो संशोधन) |
| २१ | मिनिटिलर वितरण कार्यक्रम | • एक समूहमा १ जनालाई कम्तीमा १० कठ्ठा मकै खेती गर्ने कृषकलाई उपलब्ध गराइनेछ। | • कृषक समूहको निर्णय<br>• छनौट समितिको सिफारिस | • उक्त सामाग्रीहरु ८०% अनुदानमा दिनेछ। |
| २२ | धान उत्पादन तथा व्यावस्थापन सम्बन्धी २ दिने तालिम | • तालिममा २५-३० जना सहभागी हुन सक्ने<br>• तालिम स्थल सबैलाई पायक पर्ने ठाउँमा संचालन गर्नुपर्ने । | • सम्बन्धी विषयमा कक्षा संचालन हुने।<br>• एक दिनमा ४ वटा कक्षा संचालन हुने।<br>• यो तालिम २ दिनमा सम्पन्न नहुने सकेमा ३ दिन संचालन हुने । | • सहभागी हुने कृषक तथा प्रशिक्षकलाई गाउँपालिकाको आर्थिक नर्मस अनुसार सेवा सुविधा उपलब्ध गराउने |

बिजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुगडिहुरिया कपिलवस्तु लुम्बिनी प्रदेश

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २३ | जातीय प्रदर्शन | • प्रत्येक समूहमा एउटा<br>• कम्तीमा ३ जातको प्रदर्शन | • कृषक छनौट गर्ने ।<br>• मल, बीउ तथा अन्य सामाग्री उपलब्ध गराउने। | • उक्त सामाग्रीमा सतप्रतिशत अनुदान दिईनछ। |
| २४ | बाली भित्र्याउने, पोष्ट हार्भष्ट व्यावस्थापन तथा प्रर्दशन | • धान खेती गरी उत्पादन लिई रहेको कृषकलाई मात्र सहभागी गराउने। | • धान काटने, चुटने, प्याकिङ्ग तथा भण्डारण व्यावस्थापन गर्ने तरीका । | • खरीद सामाग्रीको ७५% अनुदान दिनेछ।<br>• (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्याविधि, २०८० पहिलो संशोधन) |
| २५ | धानको मसिनो बीउ ३० कि.ग्रा. | • कम्तीमा १० कठ्ठा धान खेती लगाउनु पर्ने।<br>• सिचाईको सुविधा हुनु पर्ने। | • एक कृषकलाई ३० कि.ग्रा. सम्मा बीउ उपलब्ध गराउन सक्ने।<br>• नेपाल सरकारले सिफारिस गरेको जात उपलब्ध गराउने। | • बीउमा सतप्रतिशत अनुदानमा दिनेछ। (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्याविधि, २०८० पहिलो संशोधन) |
| २६ | ब्यालेन्स तराजु | • प्रत्येक समूहलाई | • ब्यालेन्स तराजु एक थान उपलब्ध गराइनेछ। | • उक्त सामाग्रीमा ७५% अनुदानमा दिनेछ। |
| २७ | हार्भेष्टिङ बैग | • प्रत्येक कृषकलाई | • हार्भेष्टिङ बैग १० थान उपलब्ध गराइनेछ। | • खरीद सामाग्रीको ७५% अनुदान दिनेछ।<br>• (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्याविधि, २०८० पहिलो संशोधन) |
| २८ | आर्गेनिक मल | • समूहको प्रत्येक कृषकलाई | • प्रति कृषक ५०००/- रकम बराबर आर्गेनिक मल उपलब्ध गराइनेछ। | • आर्गेनिक मलमा ८५% अनुदान दिनेछ। (कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्याविधि, २०७८) |
| २९ | उन्नत प्रविधि, दाना, पानीको स्तर तथा जीव व्यावस्थापन सम्बन्धी तालिम | • तालिममा २५-३० जना सहभागी हुन सक्ने<br>• तालिम स्थल सबैलाई पायक पर्ने ठाउँमा संचालन गर्नुपर्ने । | • सम्बन्धी विषयमा कक्षा संचालन हुने।<br>• एक दिनमा ४ वटा कक्षा संचालन हुने।<br>• यो तालिम एक दिनमा सम्पन्न नहुने सकेमा २ दिन संचालन हुन् । | • सहभागी हुने कृषक तथा प्रशिक्षकलाई गाउँपालिकाको आर्थिक नर्मस अनुसार सेवा सुविधा उपलब्ध गराउने। |
| ३० | उन्नत उत्पादन प्रविधि प्रदर्शन | • एउटा वडामा १ वटा प्रदर्शन<br>• कम्तीमा ५ कठ्ठामा गर्न सक्नेछ । | • कृषक छनौट गर्ने ।<br>• भूरा, चूना, दाना तथा अन्य सामाग्री उपलब्ध गराउने। | • उक्त सामाग्रीमा ७५% अनुदान दिईनछ। |
| ३१ | उत्पादन उपरान्त व्यावस्थापन प्रविधि प्रदर्शन | • एउटा वडामा १ वटा प्रदर्शन<br>• कम्तीमा ३ कठ्ठामा गर्न सक्नेछ । | • कृषक छनौट गर्ने ।<br>• व्यावस्थापन सामाग्री उपलब्ध गराउने। | • उक्त सामाग्रीमा ७५% अनुदान दिईनछ। |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३२ | स्यालो ट्युवेलबाट पोखरीमा पानी व्यावस्थापन | • समूहले निर्णय अनिवार्य गर्नुपर्नेछ।<br>• प्रत्येक समूहमा १ वटा उपलब्ध गराइनेछ। | • स्यालो ट्युवेल लगाइनेछ। | • सम्पूर्ण लागत सामाग्रीमा ७५% अनुदान दिनेछ।<br>(कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्याविधि, २०८० पहिलो संशोधन) |
| ३३ | पम्पीसेट | • समूहले निर्णय अनिवार्य गर्नुपर्नेछ।<br>• प्रत्येक समूहमा २ वटा उपलब्ध गराइनेछ।<br>• बोरिङ्गको व्यावस्था हुनुपर्ने।<br>• अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको । | • पम्पीसेट खरीद गरी उपलब्ध गराइनेछ। | • खरिद सामाग्रीमा ७५% अनुदान दिनेछ। |
| ३४ | डेलिभरी पाइप | • समूहको निर्यणको तथा अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको ।<br>• बोरिङ्ग, मोटर वा पम्पीसेट अनिवार्य हुनुपर्नेछ। | • डेलीभरी पाइप उपलब्ध गराइनेछ।<br>• समूहहरु मध्ये २५ जनालाई उपलब्ध गराइनेछ।<br>• १ जनालाई १० कि.ग्रा उपलब्ध गराइनेछ। | • खरिद सामाग्रीमा ७५% अनुदान दिनेछ। |
| ३५ | सेक्सन पाइप | • समूहको निर्यणको तथा अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको ।<br>• समूहहरु मध्ये ३० जनालाई उपलब्ध गराइनेछ।<br>• बोरिङ्ग, मोटर वा पम्पीसेट अनिवार्य हुनुपर्नेछ। | • सेक्सन पाइप उपलब्ध गराइनेछ।<br>• १ जनालाई ५०००/- बराबरको सेक्सन पाइप उपलब्ध गराइनेछ। | • खरिद सामाग्रीमा ७५% अनुदान दिनेछ। |
| ३६ | क्यारेट | • समूहको निर्यणको तथा अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको ।<br>• ७५ जनालाई उपलब्ध गराइनेछ। | • क्यारेट उपलब्ध गराइनेछ।<br>• १ जनालाई १०००/- बराबरको क्यारेट उपलब्ध गराइनेछ। | • खरिद सामाग्रीमा ७५% अनुदान दिनेछ। |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३७ | मोटर | • समूहले निर्णय अनिवार्य गर्नुपर्नेछ।<br>• प्रत्येक समूहमा २ वटा उपलब्ध गराइनेछ।<br>• बोरिङ्गको व्यावस्था हुनुपर्ने।<br>• अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको । | • मोटर खरीद गरी उपलब्ध गराइनेछ। | • खरिद सामाग्रीमा ७५% अनुदान दिनेछ। |
| ३८ | ब्यालेन्स तराजु | • समूहले निर्णय अनिवार्य गर्नुपर्नेछ।<br>• प्रत्येक समूहमा १ वटा उपलब्ध गराइनेछ।<br>• बोरिङ्गको व्यावस्था हुनुपर्ने।<br>• अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको । | • ब्यालेन्स तराजु खरीद गरी उपलब्ध गराइनेछ। | • उक्त सामाग्रीहरु ७५% अनुदानमा दिनेछ । |
| ३९ | माछा मारने जाल | • समूहले निर्णय अनिवार्य गर्नुपर्नेछ।<br>• प्रत्येक समूहमा १ वटा उपलब्ध गराइनेछ।<br>• बोरिङ्गको व्यावस्था हुनुपर्ने।<br>• अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको । | • माछा मारने जाल खरीद गरी उपलब्ध गराइनेछ। | • उक्त सामाग्रीहरु ७५% अनुदानमा दिनेछ । |
| ४० | चूना | • समूहले निर्णय अनिवार्य गर्नुपर्नेछ।<br>• प्रत्येक जनालाई उपलब्ध गराइनेछ।<br>• बोरिङ्गको व्यावस्था हुनुपर्ने।<br>• अनुगमन समितिको प्रतिवेदन बमोजिम कृषक छनौट गरिनेछ<br>• यस प्रकृतिका सामाग्रीहरु कुनै संस्थाबाट प्राप्त नगरेको । | • चूना खरीद गरी उपलब्ध गराइनेछ।<br>• पोखरी भएका कृषकहरुलाई प्रति कठ्ठाको दरले उपलब्ध गराइनेछ। | • उक्त सामाग्रीहरु ७५% अनुदानमा दिनेछ। |
| ४१ | फिङ्गर साइज भूरा | • निजी तथा ठेक्कामा लिएको पोखरी कम्तीमा ५ वर्षको सम्झौता<br>• सडक विजुली बत्तीको सुविधा तथा सिचाई<br>• दलित, जनजतति, एकल महिलालाई | • कार्यालयले भूरा उपलब्ध गराउने।<br>• डिलको सद उपयोग गरी तरकारी र घाँस उत्पादन गर्ने प्रयोग गर्नु पर्ने। | • उक्त भूरा ७५% अनुदानमा दिनेछ। |

विजयनगर गाउँपालिका गाउँपालिकाको कार्यालय जुरिया कपिलवस्तु लुम्बिनी प्रदेश

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ४२ | पेलेट फीड (दाना) | • अनुगमन तथा छनौट समितिको निवेदन अनुसार कृषक छनौट गरिनेछ। | • कृषक तथा दानाको मात्रा छनौट भई सके पछि सामाग्री उपलब्ध गराउने। | • उक्त सामाग्रीहरु ५०% अनुदानमा दिनेछ। |
| ४३ | ईन्धन तथा मर्मत संभार | • कार्यक्रम संचालन भएको समूहहरु | • कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने साधनको लागि इन्धन तथा मर्मत | • सतप्रतिशत अनुदानमा |
| ४४ | कार्यक्रम अनुगमन खर्च (५ जना x १२ महिना) | • कार्यक्रम संचालन भएको समूहहरु | • कार्यक्रम अनुगमनमा जादा भत्ता वापत | • गाउँपालिकाको आर्थिक नर्मस अनुसार |
| ४५ | अनुगमन तथा भ्रमणका लागि यातायात/गाडी भाडा खर्च | • कार्यक्रम संचालन भएको समूहहरु | • अनुगमन तथा भ्रमण गर्दा गाडी भाडामा लिन सक्नेछ। | • गाउँपालिकाको आर्थिक नर्मस अनुसार |
| ४६ | पालिका स्तरीय कर्मचारी तथा सरोकारवालाहरुको अवलोकन भ्रमण | • १५-२० जना सहभागी हुन सक्ने<br>• मकै, तरकारी र धान उत्पादन गरी रहेका सहकारी, समूह, अनुसंन्धानहरुमा अवलोकन गरिने। | • अवलोकन गरी प्राविधि तथा बजार व्यावस्थापन बारे छलफल गर्ने। | • गाउँपालिकाको आर्थिक नर्मस अनुसार |
| ४७ | कर्मचारी तलब- कार्यक्रम अधिकृत | • मान्यता प्राप्त विश्व विद्यालयबाट कृषि विज्ञान विषयमा स्नातक तह (Bsc.Ag.) उत्तीर्ण गरेको।<br>• अन्य योग्यता गा.पा.को कार्यविधि अनुसार।<br>• १८ बर्ष पुरा गरी ३५ बर्ष ननाघेको | • कृषि विकास शाखाको अधिनमा रही कार्य गर्ने। | • गाउँपालिकाको निर्णय अनुसार |
| ४८ | कर्मचारी तलब- प्राविधक सहायक ३ जना | • मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरी न्युन्तम १८ महिने जे.टि.ए (कृषि विज्ञान) तालिम प्राप्त कृषि विषय लिई टि.एस.एल.सी वा आइ.एस्सी.एजी उत्तीर्ण गरेको।<br>• अन्य योग्यता गा.पा.को कार्यविधि अनुसार।<br>• कुनै संघ संस्थामा कम्तिमा १ बर्ष काम गरेकोलाई विशेष ग्रहिता दिनेछ।<br>• १८ बर्ष पुरा गरी ३५ बर्ष ननाघेको | • कृषक भेला गराई समूह गठन गर्ने।<br>• कृषि शाखाबाट तोकियेको जिम्मेवारी अनुसार कार्यक्रम संचालन गर्ने। | • गाउँपालिकाको निर्णय अनुसार |
| ४९ | कर्मचारी तलब- लेखा सहायक १ जना | • मान्यता प्राप्त शिक्षण संस्थाबाट I.com उत्तीर्ण गरेको<br>• योग्यता गा.पा.को कार्यविधि अनुसार।<br>• १८ बर्ष पुरा गरी ३५ बर्ष ननाघेको | • आर्थिक कारोबार सँग सम्बन्धित | • गाउँपालिकाको निर्णय अनुसार |
| ५० | विषादी खुद्रा विक्रेता इजाजत पत्र तालीम | • २५-३० जना सहभागी हुनेछन्।<br>• मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरेको। | • ७ दिने सूचना प्रकाशन गर्ने ।<br>• बिषादी समितिमा समन्वय गरी ६ दिने तालिम संचालन गर्ने। | • प्रशिक्षकहरुलाई दैनिक भ्रमण भत्ता तथा प्रस्तुती बापत परिश्रमिक उपलब्ध गराउने।<br>• परिक्षार्थीको स्टेशनरी,खाजा यातायात तालिम सामाग्री, प्रमाण पत्र, उदघाटन, समापन तथा व्यवस्थापनमा खर्च गर्न सक्ने। |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५१ | बीउ विजन खुद्रा विक्रेता इजाजत पत्र तालीम | • २५-३० जना सहभागी हुनेछन्।<br>• मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी उत्तीर्ण गरेको। | • ७ दिने सूचना प्रकाशन गर्ने ।<br>• बिषयगत समितिमा समन्वय गरी ६ दिने तालिम सञ्चालन गर्ने। | • प्रशिक्षकहरुलाई दैनिक भ्रमण भत्ता तथा प्रस्तुती बापत पारिश्रमिक उपलब्ध गराउने।<br>• परिक्षार्थीको स्टेशनरी,खाजा यातायात तालिम सामाग्री, प्रमाण पत्र, उदघाटन, समापन तथा व्यवस्थापनमा खर्च गर्न सक्ने। |
| ५२ | बजार समन्वयका लागि संकलन केन्द्र स्थापना | • स्थापना गर्ने स्थानको एकिन भए पछि निर्माण गर्ने। | लागत अनुमान तयार गरी सार्वजनिक खरीद एन तथा नियमवाली बमोजिम गर्ने। | |
| ५३ | साना सुक्ष्म व्यवसायका लागि संरचना | • स्थापना गर्ने स्थानको एकिन भए पछि निर्माण गर्ने। | लागत अनुमान तयार गरी सार्वजनिक खरीद एन तथा नियमवाली बमोजिम गर्ने। | |
| ५४ | सिचाई संरचनाका लागि योजना | • स्थापना गर्ने स्थानको एकिन भए पछि निर्माण गर्ने। | लागत अनुमान तयार गरी सार्वजनिक खरीद एन तथा नियमवाली बमोजिम गर्ने। | |
| ५५ | सिचाईका लागि कृतिम पोखरी निर्माण | • स्थापना गर्ने स्थानको एकिन भए पछि निर्माण गर्ने। | लागत अनुमान तयार गरी सार्वजनिक खरीद एन तथा नियमवाली बमोजिम गर्ने। | |
| ५६ | सिचाई मेसिन जडान तथा स्थापना खर्च | | | |
| ५७ | कार्यक्रम व्यवस्थापन खर्च तथा योगदान | | | |
| ५८ | परियोजना कार्यालय स्थापना | • स्थापना गर्ने स्थानको एकिन भए पछि निर्माण गर्ने। | लागत अनुमान तयार गरी सार्वजनिक खरीद एन तथा नियमवाली बमोजिम गर्ने। | |
| ५९ | कर्मचारी छनौट तथा विज्ञापन | • लोक सेवाले तोके बमोजिम योग्यता भएको<br>• कुनै संघ संस्थामा कम्तिमा १ बर्ष कामको अनुभव प्राप्त भएकोलाई विशेष ग्रहिता दिनेछ। | • लिखित तथा अन्तर्वार्ता | • गाउँपालिकाको निर्णय अनुसार |
| ६० | पालिका स्तरीय निति निर्माण | • गाउँपालिकालाई आवश्यक पर्ने कृषि निति, रणनिति वा निर्देशिका बनाउने | • प्रचालित कानुन बमोजिम कार्यालयले आफै वा परामर्शदाता मार्फत गराइने | |
| ६१ | कार्यक्रम व्यवस्थापन खर्च | • कार्यक्रम संचालनको लागि चाहिने व्यवस्थापिकीय खर्च | • माग फारम तयार गरी आवश्यकताको आधारमा | |
| ६२ | संचार खर्च | • फोन इन्टरनेट आदि खर्च | • प्रचालित कानुन र गाउँपालिकाको नियम अनुसार | |
| ६३ | विमाका लागि बजेट | • बाली विमा नियम अनुसार | | |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६४ | मिडिया तथा प्रकाशन | • जी टू जी कार्यक्रमको लागि गरिने सूचना प्रकाशन, प्रचार प्रसार आदि खर्च | • प्रचलित कानून बमोजिम गर्ने। | |
| ६५ | माटो परिक्षण अभियान | • मागको आधारमा विभिन्न वडाबाट आएको माटोको नमूनालाई परीक्षण गर्दा लाग्ने खर्च | | |
| ६६ | राजश्व फिर्ता | • जनशक्ति, रसायन आदि खर्च<br>• Vat लगायतका कर गाउँपालिकाको साझेदारी रकमबाट व्यहोर्ने। | | |
| ६७ | अन्य/विविध | • विविध खर्च अतिथि सत्कार तथा अन्य शिर्षकमा उल्लेखित नभएको तर नगरी नहुने भैपरी आउने खर्च नियमानुसार गर्ने। | | |

विजयनगर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जुम्हरिया कपिलवस्तु लुम्बिनी प्रदेश

आज्ञाले

शोभाराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत